इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

भानुपथ, इलाम, कोशी प्रदेश, नेपाल

## बहुतले पार्किङ भवन भाडामा लगाउने बारेको विद्युतिय प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८१/०६/२३**

इलाम नगरपालिकाको बहुतले भवनको भाडा/बहाल व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम इलाम नगरपालिका, वडा नं ०७ स्थित बसपार्क स्थित पार्किङ स्थल तथा हलहरु सहितको बहुतले भवन भाडामा लगाउनुपर्ने भएकोले इच्छुक योग्यता तथा अनुभव पुरा गरेका प्रस्तावकहरु (फर्म वा कम्पनी) सबैमा निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक प्रस्ताव आव्हानका लागी यो ३० (तिस) दिने सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | ठेक्का संकेत नम्बर | ठेक्काको नाम | न्युनतम ठेक अंक वार्षिक (मु.अ.कर र अन्य कर बाहेक) | विड वन्ड वापतको रकम रु | प्रस्ताव खरिद दस्तुर रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | imoilam/proposal/revenue/rent/01-2081/82 | बहुतले पार्किङ स्थल तथा हल सहितको भवन भाडामा लगाउने कार्य | २,१०,००० | कबोल गरेको वार्षिक भाडा रकम बराबर | १,००० | |

शर्तहरु :

१) प्रस्ताव फारम यो सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२ बजेभित्र प्रस्ताव खरिद दस्तुर वापतको रकम रु १००० (एक हजार) फिर्ता नहुने गरी इच्छुक फर्म वा कम्पनीको नामबाट स्थानीय तह राजस्व पोर्टल **(https://sutrarevenue.fcgo.gov.np)** यस नगरपालिकाको नाममा राजस्व दाखिला गरी वा नेपाल बैंक लिमिटेड, इलाम शाखामा रहेको इलाम नगरपालिकाको आन्तरिक राजस्व खाता नं : ०४००३००००१००१००००१ मा रकम जम्मा गरी नेपाल सरकारको विद्युतिय खरिद प्रणाली **(www.bolpatra.gov.np/egp)** मार्फत प्रस्ताव फारम प्राप्त गर्न सकिनेछ ।प्रस्ताव आव्हान, पेश गर्ने र खोल्ने प्रकृयाका लागि मात्र विद्युतिय खरिद प्रणालीको प्रयोग गरिनेछ ।

२) प्रस्तावदाताले प्रस्ताव साथ चालु आ.व. को नविकरण सहितको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, व्यवसाय/इजाजत सम्बन्धी प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र र आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रहरुको स्क्यान कपी विद्युतिय खरिद प्रणाली मार्फत अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

३) एक फर्म/कम्पनीको नामबाट प्रस्ताव खरिद गरी अर्को फर्म/कम्पनीको नामबाट प्रस्ताव दाखिला गर्न पाइनेछैन । प्रस्ताव पेश गर्दा प्रस्ताव खरिद दस्तुर बुझाएको भौचरको सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

४) सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (EGP) अन्तर्गत ITB 12.1 तथा बोलपत्र सम्वन्धी कागजातमा बोलपत्र जमानत रकम जे जति उल्लेख भएको भएता पनि प्रस्ताव फारमका साथ आफुले कबोल गरेको वार्षिक भाडा बराबरको रकम इलाम नगरपालिकाको धरौटी खाता नं : ०४००३००००३०००००००१ मा जम्मा गरेको भौचर वा सो रकम

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

१४) तयारी सम्झौताको अवधी समाप्त भए पछि सम्झौता अवधि थप भए वा नभए पनि बहाल सम्झौता गरिने छ र उक्त सम्झौता भएको मिति देखि दोश्रो पक्षले सम्झौता बमोजिमको भाडा रकम बुझाउनु पर्ने छ। वहाल सम्झौता अवधी १५ वर्षको रहनेछ। बहाल सम्झौता भएको मितिले ५ वर्ष सम्म वहाल रकम वृद्धि नगरिने र सो पश्चात प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले वहाल रकम वृद्धि गरिनेछ । प्रस्तावदाताले सम्झौता बमोजिमको वहाल रकम नबुझाएमा पहिलो महिना १५ प्रतिशत, दोश्रो महिना देखि २० प्रतिशत व्याज जरिवाना तिर्नुपर्ने र ३ महिनासम्म वहाल रकम नबुझाएमा प्रचलित व्याज सहित धरौटीबाट कट्टा गरिने वा कार्यसम्पादन जमानत असुल गरी सम्झौता भंग गर्ने प्रकृया अघि बढाइनेछ ।

१५) बहुतले भवनमा बनाउनुपर्ने सिनेमा हलको मापदण्ड निम्नअनुसार हुनुपर्नेछ : चलचित्र निर्माण, प्रदर्शन तथा वितरण (संसोधन सहित) नियमावली, २०५७ ले तोकेका न्यूनतम व्यवस्थाका अतिरिक्त निम्न अवयवहरुको हकमा देहायका मापदण्ड पुरा गर्नु पर्ने छ ।

- सिनेमा हलको प्रोजेक्टर न्यूनतम 2k/4k DCI Certified हुनु पर्नेछ।
- सिनेमा हलको साउन्ड सिस्टम न्यूनतम Dolby Digital हुनु पर्नेछ।
- सिनेमा हल भित्रको वातानुकुलित System (Air Conditioner) Central VRF हुनु पर्नेछ ।

१६) बहुतले पार्किङ भवनको पार्किङ्ग व्यवस्थापन सम्वन्धी मापदण्ड:- बहुतले पार्किङ भवनको परिसर भित्रको पार्किङ्ग व्यवस्थापनका लागि देहायका मापदण्ड र शर्तहरु पुरा गर्नु पर्ने छ ।

- पार्किङ्गको संचालन तथा व्यवस्थापनका लागि Digitalized Parking System जडान गर्नु पर्नेछ।
- नगर सभाले निर्धारण गरेको दरमा मात्र पार्किङ्ग शुल्क संकलन गर्नु पर्नेछ ।
- नगरपालिकाले तोकेका प्रकृतिका सवारी साधनहरु मात्र पार्किङ्ग गर्नु/गराउनु पर्नेछ ।
- पार्किङ्ग संचालकको तर्फबाट कानुन बमोजिम व्यहोर्नु पर्ने सम्पूर्ण दायित्व भाडामा लिने पक्षले व्यहोर्नु पर्नेछ ।

१७) प्रस्तावदाताका न्यूनतम योग्यता एवं अनुभव:- बहुतले पार्किङ भवनमा सिनेमाहल निर्माण तथा संचालन गर्नका लागि प्रस्ताव पेश गर्ने प्रस्तावदातामा देहायका न्यूनतम योग्यता र अनुभव आवश्यक पर्ने छ ।

- सिनेमा हल निर्माण र संचालनका लागि प्रचलित कानुनले तोकेको योग्यता भएको ।
- यस अघि प्रस्तावदाता वा संचालकहरुको आफ्नै नामबाट नेपाल भित्र बुँदा नम्बर १५ बमोजिमको मापदण्ड अनुसारको सिनेमा हल संचालन गरिरहेको कम्तिमा २ बर्षको अनुभव भएको ।

१८) प्रस्ताव कागजातमा कुनै त्रुटी (भाषागत समेत) भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन/संशोधन गर्न बाधा पर्नेछैन । यस्तो किसिमको संशोधन गर्नुपरेमा विद्युतिय खरिद प्रणाली मार्फत नै आवश्यक संशोधन गरिनेछ । सो को जानकारी यस कार्यालयको आधिकारिक वेभसाइट, फेसबुक पेज मार्फत सूचना सम्प्रेषण समेत गरिनेछ ।

१९) कार्यालयको हितलाइ ध्यानमा राखी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा भाडामा लगाउने प्रकृया नै रद्ध गर्ने समेतको सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेको छ । भाडामा लगाउने प्रकृयामा कुनै बाधा अड्चन आइपरेमा वा प्रस्तावदाता र कार्यालयबिच अष्पष्टता भएमा प्रचलित नियम तथा कानुन र नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

२०) यस कार्यसंग सम्वन्धित विस्तृत जानकारीको लागी कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकास महाशाखा वा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलाम जिल्ला, कोशी प्रदेश, नेपाल २०७२

.............................

गणेश कुमार खड्का

प्रमुख प्रशासकिय अधिकृत

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

बराबरको कम्तीमा एक वर्ष मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (विड वन्ड) को सक्कलै स्क्यान कपी अनिवार्य अपलोड गरी पेश गर्नुपर्नेछ ।

५) पेश भएका प्रस्तावहरु यस सूचना प्रकाशन भएको मितिले ३१औं दिन दिनको १२:१५ बजे विद्युतिय खरिद प्रणाली मार्फत यस कार्यालयमा खोलिनेछ ।

६) प्रस्तावहरु खोल्दा प्रस्तावदाता स्वयं वा निजको आधिकारिक प्रतिनिधी तथा आमन्त्रित अन्य प्रतिनिधीहरु समेतको रोहवरमा खोलिनेछ । कुनै कारणवश उक्त मिति तथा समयमा प्रस्तावदाता स्वयमं वा निजको आधिकारिक प्रतिनिधी उपस्थित नभएमा समेत प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन ।

७) सूचनामा तोकिएको म्यादभित्र रितपूर्वक पेश भएका प्रस्तावहरुको न्युनतम योग्यता र अनुभवको मुल्यांकन गरी उक्त मुल्यांकनमा सफल प्रस्तावदाताहरुको प्रस्तावलाइ मात्र दोश्रो चरणको मुल्यांकनमा समावेश गरिनेछ । दुवै चरणको मुल्यांकनमा सफल तथा सबैभन्दा बढि भाडा कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

८) प्रस्ताव स्वीकृत भएपश्चात छनौट भएको प्रस्तावदातासंग दुइ चरणमा सम्झौता गरिनेछ । पहिलो चरणमा सिनेमा हल तथा पार्किङस्थल तयारी र दोश्रो चरणमा वहाल सम्झौता गरिनेछ ।

९) प्रथम चरणको तयारी चरणको सम्झौता गर्न आउंदा स्वीकृत प्रस्तावदाताले स्वीकृत वार्षिक कबोल रकम बमोजिमको मु.अ.कर र अन्य कर सहित) यस कार्यालयको धरौटी खातामा जम्मा गरी सो को सक्कलै भौचर वा उक्त रकम बराबरको सम्झौता मिति देखि गणना गर्दा कम्तीमा २ वर्ष मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (परफरमेन्श वण्ड) सक्कलै पेश गर्नुपर्नेछ ।

१०) स्वीकृत भएको प्रस्तावदाता सम्झौता गर्न नआएमा निजको धरौटी वा जमानत जफत गरि कानुन बमोजिम कालो सूचीमा राख्ने कारवाही अघि बढाइ निज भन्दा कम निकटतम कबोल अंक भएको प्रस्तावदाता संग सम्झौता गरि कार्य अघि बढाइने छ ।

११) सिनेमा हल तथा पार्किङस्थल तयारी अन्तर्गत पार्किङस्थल तयारीका लागी ६ महिना अवधी र सिनेमा हल निर्माण तथा तयार गर्ने अवधी १ वर्षको रहनेछ ।तयारी सम्झौता बमोजिम कार्य गरे वा नगरेको सम्बन्धमा इलाम नगरपालिकाको अनुगमन तथा मुल्यांकन कार्यविधी, २०७९ बमोजिमको नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरिनेछ । तोकिएको म्याद भित्र कार्य सम्पन्न नगरेमा सम्झौता अन्त्य गरि धरौटी वा बैंक ग्यारेन्टी जफत गरि बहालमा लगाउने नयाँ प्रकृया अघि बढाउनु पर्ने छ ।

१२) लगानी सम्वन्धी व्यवस्थाः- बहुतले पार्किङ भवनको परिसर भित्रको पार्किङ, सिनेमा हल तथा नगरपालिकाको अनुमतीमा संचालन हुने अन्य व्यवसायहरुको संचालनका लागि बहुतले भवनको हाल निर्माण भएको संरचना तथा जडान भएका उपकरणहरुका अतिरिक्त तोकिएको मापदण्ड अनुसार आवश्यक पर्ने अन्य निर्माण, मोडिफिकेशन, फर्निसिङ, उपकरण जडान लगायतका आवश्यक कार्यका लागि प्रस्तावदाता स्वयंले लगानी गर्नु पर्नेछ । उक्त लगानीको कुनै पनि अंश नगरपालिकाले व्यहोर्ने छैन ।

१३)पार्किङ स्थल र सिनेमाहल निर्माणको संपूर्ण कार्यहरु सम्पन्न भए पछि योग्यता पुगेका प्राविधिकबाट तोकिएको मापदण्ड बमोजिम निर्माण गरे नगरेको सम्वन्धमा नापजाँच र यकिन गराइ मापदण्ड बमोजिम निर्माण गरेको प्रतिवेदन प्राप्त भए पछि कार्यविधि बमोजिम बहाल सम्झौता गरिनेछ ।बहाल सम्झौता अघि स्वीकृत वार्षिक कबोल रकम बमोजिमको मु.अ.कर र अन्य कर अग्रिम रुपमा दाखिला गरि सो बाहेकको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गरी सो को सक्कलै भौचर वा उक्त रकम बराबरको सम्झौता मिति देखि गणना गर्दा कम्तीमा २ वर्ष मान्य अवधी भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको निशर्त बैंक ग्यारेण्टी (परफरमेन्श वण्ड) सक्कलै पेश गर्नुपर्नेछ ।

इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलाम जिल्ला, कोशी प्रदेश, नेपाल २०७२

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत